नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.कोरिया शाखा
**ग्वार्को, ललितपुर ।**

२०७८।०६।१९

**<u>HRD Service of Korea बाट प्राप्त नामावली सूचीमा नाम भएका Committed कामदारहरुको लागि आवश्यक सूचना ।</u>**

गणतन्त्र कोरियाबाट अक्टोबर, नोभेम्बर र डिसेम्बर, 2019 मा नेपाल फर्केका प्रतिबद्द (Committed) कामदारहरु मध्ये हाल ११९ जनाको नामावली CCVI को लागि प्राप्त भएको सूचना प्रकाशन भईसकेको व्यहोरा सवैमा विदितै छ । प्राथमिकता सूचिमा परेका पहिलो ५० जनाको हवाई उडान हाललाई १० कार्तिक, २०७८ (तद्नुसार २७ अक्टोबर, २०२१) को लागि तोकिएको हुँदा कोभिड-१९ को यस विशेष परिस्थितिमा विशेष सावधानी अपनाउने र देहायका कार्यहरु समयमै सम्पन्न गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. नामावली सूचीका ११९ जना मध्ये खोप नलिएका वा एक डोज मात्र खोप लिएका व्यक्तिहरु विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाण्डौंमा सम्पर्क राखी अविलम्ब खोप लिनु हुन ।

२. यस शाखाद्वारा सूचिकृत विमा कम्पनीहरुबाट तोकिए बमोजिमको कोभिड विमा गर्नु पर्नेछ ।

३. उडान हुनु भन्दा ४८ घण्टा पहिला अनिवार्य रुपमा PCR परिक्षण गरी परिक्षणमा Negative आएकालाई मात्र पहिलो उडानको लागि प्रकृया अगाडी बढाईने भएकोले यस अवधिमा विशेष सावधानी अपनाउनु हुन अनुरोध छ ।

४. PCR परिक्षणमा Negative आएकाहरुलाई उडान पूर्व कामदारले खर्च व्यहोर्ने गरी तोकिएको स्थानमा सेल्फ क्वारेन्टाईन बस्नु पर्नेछ ।

५. सेल्फ क्वारेन्टाईन अवधिमा पूर्व प्रस्थान अभिमूखिकरण संचालन गरिनेछ ।

६. गणतन्त्र कोरिया पुगेपछि कोरिया सरकारले तोकेको स्थानमा १४ दिन कामदारले आफ्नै खर्चमा क्वारेन्टाईन बस्नु पर्ने व्यवस्था भएकोले कोरियाको HRD Service बाट प्राप्त निर्देशन अनुसार १४ दिन बराबरको लगभग १५ सय अमेरिकन डलर वा कोरियन मुद्रा (वन) आफुसंग लिएर जानु पर्ने व्यवस्था रहेकोले सो को लागि समयमै यस शाखाको समन्वयमा आवश्यक व्यवस्था गर्नुहुन ।

**यस बारेमा थप केही बुझ्नु परेमा यस शाखामा समयमै बुझ्नु हुन अनुरोध छ ।**

७८।६।१९

**ई.पी.एस. कोरिया शाखा**

धन्यबाद !!